तानसेन नगरपालिका

# नगरकार्यपालिकाको कार्यालय

भैरहवा, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल
२०३३

## चमेनागृह संचालन गर्ने सम्बन्धी
## सिलवन्दी दरभाउपत्र अव्हानको सूचना

(प्रथम पटक प्रकाशित मिति: २०८२।०३।२०)

**ER/04/082/083**

१. यस कार्यालयको हाताभित्र चमेनागृह संचालन गर्ने सम्बन्धी सिलवन्दी दरभाउपत्रको सूचना प्रकाशन भएको मितिले १५ दिनको कार्यालय समय भित्र कार्यालय समयमा ईच्छुक संघ, संस्था, फर्म वा व्यवसायीहरुले चमेनागृह संचालनको लागि नेपाली नागरिकता प्रमाण पत्रको छाँया प्रति, स्थानीय तहमा व्यवसाय दर्ता गरेको प्रमाण पत्र तथा नवीकरण गरेको छाँया प्रति, स्थायी लेखा (PAN/VAT) दर्ता भएको प्रमाण पत्रको छाँया प्रति, आ.व. २०८०/०८१ को करचुक्ता प्रमाण पत्रको छाँया प्रति, संचालक स्वयं उपस्थित हुन नसकेको खण्डमा सक्कल अख्तियारनामा र अख्तियारी प्राप्त गर्ने व्यक्तिको नेपाली नागरिकताको प्रमाण पत्रको छाँया प्रति संलग्न राखी तानसेन नगरकार्यपालिकाको कार्यालयमा निवेदन पेश गरी दरभाउपत्र दस्तुर फाराम रु. १०००।०० (पछिफिर्ता नहुने गरी) तिरी दरभाउपत्र खरिद गर्न सकिनेछ ।

२. दरभाउपत्र सूचना प्रकाशित भएको मितिले १६औं दिनको १२ बजे भित्र यस कार्यालयमा दर्ता गरिसक्नु पर्नेछ । यसरी दर्ता हुन आएका दरभाउपत्रहरु सोही दिनको २.०० बजे खोलिने छ । सो दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्ट वा कार्यालय खुल्ने दिन खोलिने छ ।

३. दरभाउपत्र खामबन्दी गरी बाहिरपट्टी दरभाउपत्र दाताको नाम, ठेगाना सम्पर्क नं. र सिलबन्दी लाहाछाप संख्या दरभाउपत्रमा आधिकारीक व्यक्तिको सही छाप भएकोलाइ मात्र मान्यता दिइने छ ।

४. चमेनागृह संचालन गर्दा संचालकले घरभाडा वापत न्यूनतम मासिक रु. ८६६७ नघट्ने गरी भाडा दर कबोल गर्नु पर्नेछ । कबोल गरेको घरभाडा रकमले ३ महिना बराबरको रकम धरौटी वापत तानसेन नगरपालिकाको राष्ट्रिय वाणिज्य बैंक पाल्पा शाखामा रहेको धरौटी खाता नं. ३०३०१००३०३००००४ मा जम्मा गरी सोको सक्कल भौचर संलग्न राखी दरभाउपत्र साथ पेश गर्नु पर्नेछ । साथै विद्युत महशुल सबमिटरमा खपत भएको यूनिटको आधारमा कार्यालयलाई भुक्तानी गर्नु पर्नेछ ।

५. चमेनागृह भित्र धुम्रपान तथा मदिराजन्य वस्तुको सेवन र बिक्रि वितरण गर्न पाइने छैन ।

६. कार्यालयले तोकेको समयमा मात्र चमेना गृह संचालन गर्नु पर्नेछ ।

७. दरभाउत्रदाताले उल्लेख गरेको प्रत्येक खाना परिकारको न्युनतम दररेट उल्लेख गर्नु पर्नेछ ।

८. दरभाउपत्र जमानत वापतको रकम रु. ५००००।०० (पचास हजार मात्र) राष्ट्रिय वाणिज्य बैंक पाल्पा शाखामा रहेको यस कार्यालयको धरौटी खाता नं. ३०३०१००३०३००००४ नगद जम्मा गरेको सक्कलै भौचर वा मान्यता प्राप्त वाणिज्य बैंकबाट जारी गरेको र दरभाउपत्र खूल्ने मितिबाट कम्तिमा ९० दिनको म्याद भएको बैंक ग्यारेण्टी पत्र दरभाउपत्र साथ पेश गर्नु पर्नेछ ।

CamScanner

९. चमेनागृह संचालन गर्दा आवश्यक पर्ने चल सामान (टेबुल, कुर्ची, भाडा) को व्यवस्था स्वयं आफै व्यवसायीले नै गर्नु पर्नेछ ।

१०. सम्झौता अवधि २ बर्षको हुनेछ र स्वीकृत स्पेशिफिकेशन भन्दा न्युन गुणस्तरको/परिमाणको सेवा प्रवाह गरेमा कार्यालयले धरौटी रकम/कार्यसम्पादन जमानत जफत गरी सम्झौता जुनसुकै बखत् रद्द गर्न सक्नेछ ।

११. न्यूनतम अंक कबोल गरी सम्झौता नगर्ने दरभाउपत्र दाताको जमानत रकम जफत गरी कालो सूचीमा राखिनेछ ।

१२. चमेनागृह सफा राख्नुपर्ने, खानेतेल शुद्ध प्रयोग गर्नुपर्ने, सेफ र वयटरले स्वीकृत ड्रेस कोडको पालना गर्नु पर्नेछ ।

१३. स्वीकृत स्पेशिफिकेशन बमोजिमको गुणस्तर/परिमाणमा हाईजेनिक सेवा प्रवाह गरे/नगरेको कार्यालयबाट अनुगमन गरिनेछ । साथै अनुगमनको क्रममा दिएको सुझावको पालना गर्नु व्यवसायीको कर्तव्य हुनेछ ।

१४. दरभाउपत्र पूर्ण वा आंशिक रुपामा स्वीकृत वा अस्वीकृत गर्ने अधिकार कार्यालयको हुनेछ ।

१५. माथि उल्लेख हुन नसकेका कुराको हकमा आपसी समझदारी, कार्यालयको निर्णय वा प्रचलित कानून बमोजिम हुनेछ ।

१६. थप जानकारीका लागि कार्यालयको Website: tansenmun.gov.np वा फोन नं. ०७५-५२०१०९, ०७५-५२०९०९, ०७५-५२०८९३ मा सम्पर्क गर्न सकिने छ ।

तानसेन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
तानसेन, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल
२०७३

...................
प्रमुख प्रशासकीय अधिकृत

CamScanner